# सबै पाठको अभ्यासहरु

6:01 PM

सामाजिक अध्ययन तथा जीवनोपयोगी...
सामाजिक कक्षा १२

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् :**

**१. जीवनोपयोगी शिक्षामा समावेश हुने विषयवस्तुहरु के कस्ता छन् ?**

उत्तर : मानव जीवनका लागि आवश्यक एवम् उपयोगी सिपहरुलाई जीवनोपयोगी सिप भनिन्छ र जीवनोपयोगी सिप सिकाउने शिक्षा नै जीवनोपयोगी शिक्षा हो । जीवनोपयोगी शिक्षामा समावेश हुने विषयवस्तुहरु निम्नानुसार छन् :

- नैतिक मर्यादापूर्ण व्यवहार ,
- प्रभावकारी सञ्चार गर्ने सिप ,
- समूहमा काम गर्ने सिपको सिकाइ ,
- सभ्य सामाजिक सम्बन्ध आदि ।

**२. जीवनोपयोगी सिपअन्तर्गत पर्ने छओटा मुख्य क्षेत्रहरु के के हुन् ?**

**उत्तर :** विश्व स्वास्थ्य सङ्गठनले सन् १९९९ मा जीवनोपयोगी सिपअन्तर्गत निमनानुसार छओटा मुख्य क्षेत्रहरु पहिचान गरेको छ :

१. सञ्चार र अन्तर्वैयक्तिक सिप
२. निर्णय गर्ने र समस्या समाधान सिप
३. सिर्जनात्मक र समलोचनात्मक सोचाइ सिप
४. आत्मजागरुकता र समानुभूति
५. दृढता र समभाव , वा आत्मनियन्त्रण
६. उत्थानशिलता र समस्यालाई सम्बोधन गर्ने क्षमता ।

**३. सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा कसरी अन्तरसम्बन्धित छन् ?**

**उत्तर :** सामाजिक अध्ययन नागरिक सक्षमता विकास गर्नका लागि गरिने सामाजिक विज्ञानहरुको एकीकृत अध्ययन हो भने जीवनोपयोगी शिक्षा भनेको कुनै पनि व्यक्तिलाई अनुकूल र सकारात्मक व्यवहार गर्न , दैनिक जीवनका घटनाहरुँ र चुनौतीहरुको सामना गर्न र आधुनिकताको बारेमा परिचित गराई सक्षम बनाउन सिकाउने शिक्षा हो ।

सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा अन्तरसम्बन्धित छन् । सामाजिक अध्ययनअन्तर्गत मानव र मानव समाजसँग सम्बन्धित विभिन्न पक्षबारे गरिने खोजी , अध्ययन एवम् विश्लेषणका क्रममा जीवनोपयोगी सिप पनि अपरिहार्य छन् । सामाजिक अध्ययन विषयका सिकाइ क्रियाकलापहरु तथा परियोजना कार्यहरु गर्दा पनि जीवनोपयोगी सिप हसिल हुन्छन् । त्यस क्रममा समूहमा काम गर्ने , एकआपसमा कुराकानी गर्ने , सहकार्य गर्ने , सहयोग गर्ने , समस्या समाधान गर्ने एवम् सिर्जनात्मक कार्य गर्ने प्रशस्त अवसर प्राप्त हुन्छन् । त्यस्ता अवसरले विषयवस्तुको ज्ञान बढाउनुका साथै जीवनोपयोगी सिप पनि दिइरहेका हुन्छन् ।